# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मोलुङ्ग गाउँपालिका

### ओखलढुङ्गा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## मोलुङ्ग गाउँपालिका
### ओखलढुङ्गा




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मोलुङ्ग गाउँपालिका

### ओखलढुङ्गा

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्र्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ७९

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
मोलुङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

१. **कैफियतसहितको राय-** हामीले मोलुङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ मोलुङ्ग गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. १ करोड ७३ लाख ६५ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २८ लाख ३९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४१ लाख ५२ हजार, नियमित गर्नुपर्ने रु. ६९ लाख ३८ हजार र पेश्की रू. ३४ लाख ३६ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ९ करोड ८१ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ५५ लाख ५१ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# मोलुङ्ग गाउँपालिका, ओखलढुङ्गा

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| २८ | १८४ | १७३६५ | ० | ० | ० | २८ | १८४ | १७३६५ | २८३९ | ६९३८ | ४१५२ | ० | ० | ११०९० | ३४३६ |

## प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | प्रतिक्रियाबाट हटाउन पालिकाबाट अनुरोध भई नआएको | | |

## अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| ओखलढुङ्गा | मोलुङ्ग गाउँपालिका | ९८१८६ | ० | ० | ९८१८६ | ० | १७३६५ | ११५५५१ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : मोलुङ गाउँपालिका, ओखलढुंगा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत श्री सरोज थापा | २०७८-१२-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | सन्तोष गौतम | २०७७-१-२० | २०७८-१२-१० |
| लेखा प्रमुख | आर्थिक प्रशासन शाखा प्रमुख श्री प्रवल घिमिरे | २०७६-८-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १७,३६५,३७८.५ |

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | | **७,६५,५४,२९२** |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३६,०६,२७,००० | **चालु खर्च** | २९,८८,८३,०१३.९३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,००,३३,००० | **पूँजीगत खर्च** | ९,३०,३०,५३५.७१ |
| **राजश्व बाँडफाँट** | ६,०८,३१,७३७.३ | **वित्तीय/अन्य व्यवस्था** | ८,८६,४८,८५८ |
| **आन्तरिक आय** | ३६,४२,७९५.४७ | | |
| **अन्य आय** | ४०,४८,५८१.३२ | | |
| **कुल आय** | ४४,९१,८३,११४.०९ | **कुल खर्च** | ४८,०५,६२,४०७.६४ |
| **बाँकी मौज्दात** | | | **४,५१,७४,९९९** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु नै गाउँपालिका स्थापनाको प्रमुख उदेश्य हो । यो गाउँपालिका कुल ११२ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको र हाल ८ वटा वडाहरुमा बिभाजन गरिएको छ । गाउँपालिकाको वस्तुगत विवरण अनुसार कुल जनसंख्या १६ हजार ९ सय ४४ जना रहेको छ । | |
| २ | | | **आय-ब्ययको संक्षिप्त बिवरणः-** | |

| **गत बर्षको जिम्मेवारी** | | | ७६५५४२९२ |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| संघीय सरकारबाट अनुदान | ३६०६२७०००।०० | चालु खर्च | २९८८८३०१३।९३ |
| प्रदेश सरकारबाट अनुदान | २००३३०००।०० | पूँजीगत खर्च | ९३०३०५३५।७१ |
| राजश्व बाँडफाँट | ६०८३१७३७।३० | धरौटी र प्रकोप ब्यबस्थापन खर्च | २९२९१७५।०० |
| आन्तरिक आय | ३६४२७९५।४७ | अन्य खर्च | ८५७१९६८३।०० |
| अन्य आय | ४०४८५८१।३२ | कुल खर्च | ४८०५६२४०७।६४ |
| कुल आय | ५२५७३७४०६।०९ | | |
| बाँकी मौज्दात | | | ४५१७४९९८।४५ |
| (क) प्रकोप ब्यबस्थापन कोष रु. ११२९१३९।४७ | | | |
| (ख) धरौटी कोष खाता रु. ४८७०००।- | | | |
| (ग) संञ्चित कोष खाता रु. ४३५५८८५८।९८ | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | आर्थिक कारोबारको बिस्तृत बिवरणः- | |

| मोलुङगाउँपालिका<br>गाउँकार्यपालिकाको कार्यालय ओखलढुंगा<br>कार्यालयकोकोड : ८०११०५०५३००<br>वित्तीयप्रतिवेदन<br>आ.व. : २०७८/७९ अवधी : २०७८/०४/०१-२०७९/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ४५३८६७४१२ | ४४९१०३११४.०९ | | ४४९१०३११४.०९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ४४९४२२११२ | ४४५१३४५३२.७७ | ० | ४४५१३४५३२.७७ |
| ११००० कर | ११ | ६८३६२११२ | ६४४७४५३२.७७ | ० | ६४४७४५३२.७७ |
| १३००० अनुदान | | ३८१०६०००० | ३८०६६००००.०० | ० | ३८०६६००००.०० |
| संघीय सरकार | १२ | ३६१०२७००० | ३६०६२७०००.०० | ० | ३६०६२७०००.०० |
| प्रदेश सरकार | १२ | २००३३००० | २००३३०००.०० | ० | २००३३०००.०० |
| ख. अन्य प्राप्ति | | ४४४५३०० | ३९६८५८१ | २७१०००० | ३९६८५८१.३२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ०.०० |
| कोषहरु | | ४४४५३०० | २४००००० | २४००००० | २४०००००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | धरौटी | | ० | ३१०००० | ३१०००० | ३१००००.०० | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ०.०० | |
| | | | अन्य प्राप्ती | | | १२५८५८१ | | १२५८५८१.३२ | |
| | | | **भुक्तानी (ग+घ)** | | **५२५६३०३०३** | **४८०४८२४०७.६४** | | **४८०४८२४०७.६४** | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५२११८५००३ | ३९१९१३५४९.६४ | | ३९१९१३५४९.६४ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १७४३७७००० | १६०९५२१२१.७८ | ० | १६०९५२१२१.७८ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३२९३७७७० | १०२१७५१०४.१५ | ० | १०२१७५१०४.१५ | |
| | | | २५००० सहायता (लखूत्रघक्ष) | १८ | २०४०५००० | १८६९५९०५ | ० | १८६९५९०५.०० | |
| | | | २६००० अनुदान | १८ | ० | ० | ० | ०.०० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ७९१६००० | ७३८०७०३ | ० | ७३८०७०३.०० | |
| | | | २८००० अन्य खर्च | १८ | ३४७१४२३३ | ९६७९१८० | ० | ९६७९१८०.०० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १५०८३५००० | ९३०३०५३५.७१ | ० | ९३०३०५३५.७१ | |
| | | | **घ. अन्य भूक्तानी** | | ४४४५३०० | ८८५६८८५८ | | ८८५६८८५८.०० | |
| | | | कोषहरु | | ४४४५३०० | २६१९१७५ | ० | २६१९१७५.०० | |
| | | | धरौटी | | ० | ३१०००० | ० | ३१००००.०० | |
| | | | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१५,१९१ | | -१५१९१.०० | |
| | | | अघिल्लो वर्षको अनुदान फिर्ता | | | २४५३८६३३ | | २४५३८६३३ | |
| | | | यस वर्षको अनुदान फिर्ता | | | ६१११६२४१ | | ६१११६२४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | -७१७६२८९१ | -३१३७९२९३.५५ | | -३१३७९२९३.५५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ७६५५४२९२ | | ७६५५४२९२.०० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -७१७६२८९१ | ४५१७४९९८.४५ | | ४५१७४९९८.४५ |
| बैंक तथा नगद बाकी | २४ | | ४५१७४९९८.४५ | | ४५१७४९९८.४५ |

**पालिकाको वित्तीय विवरण परिक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन ।**

**आर्थिक कारोवारको विद्युतीय लेखाङ्कन तथा प्रतिवेदनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरेबमोजिम आय र व्यय वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्न पर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नपर्ने व्यवस्था छ । खर्च र आय सम्वन्धमा म.ले.प. फारामहरुको पूर्ण प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन मिति- २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको र नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरेको देखिएन । पालिकाले NPSAS Based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गर्नु पर्दछ ।

**सुत्रको प्रयोगः** गाउँपालिकाहरुलाई Sub National Tresury Regulatory Application (SUTRA) प्रयोग गरी लेखा राख्ने व्यवस्था गरेको छ । सोही प्रणाली मार्फत लेखा अभिलेख राखेमात्र प्रणालीवाट प्राप्त हुने प्राप्ती तथा भुक्तानी विवरणमा सम्पूर्ण प्राप्ती तथा भुक्तानी समावेश हुने गर्दछ । तर पालिकाको सुत्र प्रणालीमा अन्तर सरकारी अख्तीयारी मार्फत प्राप्त भएको रकम तथा धरौटी प्रविष्टि नगरेका कारण सुत्र प्रणालीवाट प्राप्त हुने प्रतिवेदनले सम्पुर्ण प्राप्ति तथा भुक्तानी समेटेको देखिएन ।

गाउँपालिकाले तोकेबमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी प्राप्ति र भुक्तानीको वास्तविकस्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **लेखापरीक्षणको क्रममा असुलीः-** लेखापरीक्षणका क्रममा रु.६८,९१२।- (बिभिन्न नगदी रसिदबाट असुल भएको तर दाखिला नभएको आन्तरिक राजश्व, आयकर बापतको रकम र नियम बिवरित भुक्तानी भएको रकम समेत) असुल भई बिभिन्न मितिमा राजश्व खातामा दाखिला | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको छ । | |
| ५ | | | **आन्तरिक नियन्त्रणः-** आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा गरेको छैन । आन्तरिक नियन्त्रण व्यवस्थाले मितव्ययिता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछः-<br><br>¬वडा कार्यलयमा रहेको जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मुल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br>¬गाउँपालिका अध्यक्षले ३दिन भन्दा बढी अवधिको भ्रमण आदेश गाउँ कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्नेमा त्यसो नगरी आफैले स्वीकृत गर्ने गरेको पाईयो।<br>¬सवारी लगवुक आंशिक रुपमा राखेको पाईएन ।<br>¬पेश्की माथि पेश्की दिने गरेको पाईयो।<br>¬यातायात खर्च भुक्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको।<br>¬सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्नेमा गरेको छैन ।<br>¬स्वीकृत कार्यक्रम अनुसार चौमासीक खर्च गर्नु पर्नेमा कुल खर्च मध्ये अधिकांश रकम तेश्रो चौमासीकमा खर्च गरेको,<br>¬कायांलयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणका प्रयास गरेको अभिलेख नराखेको,<br>¬सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा वार्षिक खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br>¬स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,<br>¬निर्माण कार्यहरुको लागत अनुमान स्वीकृति, कार्यसम्पन्न प्रतिवेदन आदिमा मिति र कर्मचारीको नाम उल्लेख नगरेको,<br>¬मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको लगत तयार गर्नुपर्नेमा नगरेको,<br>¬प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधि भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ बमोजिमको ढांचामा वार्षिक प्रतिवेदन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तयार गर्नुपर्नेमा नगरेको,<br>¬म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख र म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन राख्नुपर्ने व्यवस्था गरेको छ। तर सो वमोजिमको भ्रमण अभिलेख र भ्रमण प्रतिवेदन राखेको पाईएन।<br>¬स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन ।<br>¬स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नु पर्ने व्यवस्था गरेकोमा सो वमोजिम तथ्यांक संकलन अभिलेखाङ्कन र व्यवस्थापन गरेको पाईएन।<br>¬अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले व्यवसथा भए बमोजिम खर्चको मध्यकालीन खर्च संरचना समेत तयार गरेको देखिएन ।<br>¬संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गर्नुपर्ने व्यवस्था छ। तर यस पालिकामा गठन भएका उपभोक्ता समिति सो वमोजिम दर्ता गरेको देखिएन।<br>¬वातावरणको संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको देखिएन।<br>¬मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यसपालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममारहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ। तरपालिकाले सो वमोजिम गरेको देखिएन।<br>¬स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने एकिकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्यामा तोकिएका शीर्षक उपशीर्षक बमोजिम कारोवारको अभिलेख राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले वजेट तयार गर्दा तथा खर्च गर्दा तथा आय र व्ययको वर्गीकरण तथा खर्च | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | शीर्षक सम्बन्धी व्यवस्थाको पालना गरेको देखिएन।<br>–बेरुजु लगतः म. ले. प. फाराम ८०१- बेरुजु लगत, म. ले. प. फाराम ८०२- बेरुजुको कार्यालयगत प्रतिवेदन राखेको देखिएन। | |
| ६ | | | **क्षेत्रगत बजेट र खर्चः-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १. | आर्थिकविकास | ५२२८२०००।०० | ४३७४८४६४।४९ | ८३.६८ | ८५३३५३५।५१ |
| २. | सामाजिकविकास | २१८२२८६६६।६७ | १९६७१५९०१।३ | ९०.१४ | २१५१२७६५।३७ |
| ३. | पूर्वाधारविकास | ९४४०२०९७।४३ | ६९५९२६१८।७६ | ७३.७२ | २४८०९४७८।६७ |
| ४. | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ११६२५०००।०० | ८८०८४२३।१२ | ७५.७७ | २८१६५७६।८८ |
| ५. | कार्यालयसञ्चालन तथा प्रशासनिक | ५४७६२०००।०० | ५१४८६६३७।४५ | ९४.०२ | ३२७५३६२।५५ |
| | | **४३१२९९७६४।१०** | **३७०३५२०४५।१२** | **८५.८६** | **६०९४७७१८।९८** |

कार्यालयका लागि कुल वजेट रु. ४३,१२,९९,७६४।१२ विनियोजन गरेकोमा पूर्वाधार विकासमा सवैभन्दा घटी ७३.७२ प्रतिशत मात्र खर्च भएको देखिन्छ । सबै भन्दा बढी कार्यलय संचालन तथा प्रसासनिक शीर्षकमा ९४.०२ प्रतिशत खर्च गरेको देखिन्छ । समग्रमा पालिकाले विनियोजनको ८५.८६ प्रतिशत खर्च गरेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **सेवा प्रवाहः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ (२) मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट यस वर्ष जन्म दर्ता तथा मृत्यु दर्ता, नाता प्रमाणित, घरवाटो शिफारिश, नागरीकता शिफारिश र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अन्या दर्ता तथा सिफारीस जस्ता विषयमा पञ्जिकरण तथा सिफारिस गरेको भएतापनि सोको आर्थिक वर्ष खुल्नेगरी स्पष्ट अभिलेख उपलव्ध गराउन सकेन । पालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस,घरबाटो,नाता प्रमाणित,पञ्जिकरणको तथ्यांक तथा सामाजिक सुरक्षा भत्ता वितरण समेतलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ८ | | | **लक्ष्य प्रगतिः-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुची २ वमोजिमको ढांचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर यस पालिकाले लक्ष्य प्रगति विवरण तयार गरेको देखिएन । यसले गर्दा बजेट तथा कार्यक्रम कार्यान्वयन स्थितिको प्रगति समीक्षा गर्ने कार्यमा प्रभाव पर्ने गरेको छ।यसर्थ तोकिए बमोजिमको ढाँचामा भौतिक र वित्तीय पक्षको प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ९ | | | **सम्पत्ति उपयोग र संरक्षण-**<br><br>**सार्बजनिक सम्पतीको उपयोग र सरक्षण समबन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छनः-**<br><br>(क) **पालीका प्रोफाईल–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम गरेको देखिएन।<br><br>(ख) **जग्गा उपयोग मापदण्डः–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृति बमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ग) **सम्पत्ति उपयोग र संरक्षणः**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले अद्यावधिक गरी प्रतिबेदन तयार गर्नुपर्नेमा सो वमोजिमको जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । कार्यालयले समयमै जिन्सी निरीक्षण प्रतिबेदन तयार गरी राख्नु पर्दछ । (घ) पालिकाले पालिका क्षेत्र भित्रको घर तथा जग्गा लगायतका सार्बजनिक सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड बनाउनु पर्दछ । साथै नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्छ। तर यस पालिकाले सो वमोजिम अनुगमन गरेको देखिएन। | |
| १० | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ४९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ११ | | | **कर्मचारी करारः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु. ८४,६६,११८/६७ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित वाहेकको ईन्जिनियर पदमा १ जना र असिस्टेण्ड सव इन्जिनियर पदमा २ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १०,८४,३२०/- भुक्तानी गरेको अनियमित देखिएको रु. | १,०८४,३२० |
| १२ | | | **तलबी प्रतिबेदनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहअन्तर्गतका कर्मचारीहरूको बार्षिक तलबी प्रतिबेदन र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन, २०४९ को दफा ७ ख(२) बमोजिम जिल्ला स्थित कोष तथालेखा नियन्त्रकको कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिकामा कार्यरत सबै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरी तलवमा खर्च गरेको छ । पालिकाले कानुन अनुसार तलवी प्रतिवेदन पारित नगराई तलव खर्च लेख्दा तलव भत्ता तथा ग्रेडको सम्बन्धमा एकिन गर्न सकिएन । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १३ | | | **सूचना प्रविधी पद्दतिः-** सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन । | |
| १४ | | | **कानून निर्माणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ६ वटा नियमावली, २३ कार्यविधि तथा निर्देशिकाहरु जम्मा ४५ कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले सबै कानून वेभसाइट मार्फत राजपत्रमा उल्लेख गरी कार्यान्वयनमा ल्याएको छ । पालिकाले स्वीकृत गरी छापिएका कानूनहरुको कार्यान्वयनमा ध्यान दिनुपर्दछ । | |
| १५ | | | **न्यायिक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको उजुरीको फर्छ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो वर्ष १८ उजुरी तथा विवाद दर्ता भएकोमा १७ वटा मात्र फछ्र्यौट भई १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १६ | | | **बजेट प्रक्षेपणः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समितिले बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ। सोको पालना गरेको देखिएन। | |
| १७ | | | **अनुगमन प्रतिवेदनः-** गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रु.१००००/-, उपाध्यक्षले रु.१००००/-, वडाध्यक्षले रु.४०००/- र कार्यपालिका सदस्यले रु.२०००/- मासिक अनुगमन भत्ताको पाउने व्यवस्था छ ।अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता बितरणको परीक्षण गर्दा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि अनुगमन वापत एकमुष्ठ भत्ता बुझिलिएकोमा मासिक प्रतिवेदन पेश हुनुपर्दछ ।रु. | |

| क्र.सं. | पद तथा नाम | मासिक अनुगमन भत्ता दर | वार्षिक अनुगमन भत्ता |
|---|---|---|---|
| | <u>निवर्तमान कार्यपालिका सदश्यहरु (२०७९।२।५ गते सम्म)</u> | | |
| १ | अध्यक्ष मणिराज राई | १०००० | १०१६६७ |
| २ | उपाध्यक्ष हेम कुमारी तामाङ | १०००० | १०१६६७ |
| ३ | वडाध्यक्ष प्रदिप कुमरा बानिया | ४००० | ४०६६७ |
| ४ | वडाध्यक्ष टंक बहादुर कार्की | ४००० | ४०६६७ |
| ५ | रामबहादुर कार्की | ४००० | ४०६६७ |
| ६ | वडाध्यक्ष मान बहादुर तामाङ | ४००० | ४०६६७ |
| ७ | वडाध्यक्ष टंकनाथ दाहाल | ४००० | ४०६६७ |
| ८ | वडाध्यक्ष रामकाजी तामाङ | ४००० | ४०६६७ |
| ९ | वडाध्यक्ष हेमबहादुर सुनुवार | ४००० | ४०६६७ |
| १० | वडाध्यक्ष हरी कुमार राई | ४००० | ४०६६७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| ११ | कापा सदस्य खड्क माया श्रेष्ठ | ४००० | ४०६६७ |
| १२ | कापा सदस्य राधादेवी दाहाल | २००० | २०३३३ |
| १३ | कापा सदस्य यानमाया सुनुवार | २००० | २०३३३ |
| १४ | कापा सदस्य खिनामाया नेपाली | २००० | २०३३३ |
| १५ | कापा सदस्य चित्रबहादुर वि.क. | २००० | २०३३३ |
| १६ | कापा सदस्य कर्मा शेर्पा | २००० | २०३३३ |
| **नव निर्वाचित कार्यपालिका सदश्यहरु (२०७९।२।५ गते देखि** | | | |
| १७ | अध्यक्ष उतम राई | १०००० | १८३३३ |
| १८ | उपाध्यक्ष उर्मिला खतिवडा | १०००० | १८३३३ |
| १९ | वडाध्यक्ष कमल बहादुर बानियाँ | ४००० | ७३३३ |
| २० | वडाध्यक्ष टंक बहादुर कार्की | ४००० | ७३३३ |
| २१ | वडाध्यक्ष मित्र बहादुर सुनुवार | ४००० | ७३३३ |
| २२ | वडाध्यक्ष भोलाराज राई | ४००० | ७३३३ |
| २३ | वडाध्यक्ष गोपीकृष्ण कार्की | ४००० | ७३३३ |
| २४ | वडाध्यक्ष कमल तामाङ | ४००० | ७३३३ |
| २५ | वडाध्यक्ष हेमबहादुर सुनुवार | ४००० | ७३३३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२६</td><td>वडाध्यक्ष सुधिर राई</td><td>४०००</td><td>७३३३</td></tr>
<tr><td>२७</td><td>कापा सदस्य निरा तामाङ्ग</td><td>४०००</td><td>७३३३</td></tr>
<tr><td>२८</td><td>कापा सदस्य दुर्गामाया सार्की</td><td>२०००</td><td>३६६७</td></tr>
<tr><td>२९</td><td>कापा सदस्य दिल कुमारी बिश्वकर्मा</td><td>२०००</td><td>३६६७</td></tr>
<tr><td>३०</td><td>कापा सदस्य किन्जु शेर्पा</td><td>२०००</td><td>३६६७</td></tr>
<tr><td>३१</td><td>कापा सदस्य धिराज नौभाज</td><td>२०००</td><td>३६६७</td></tr>
<tr><td>३२</td><td>कापा सदस्य भक्त बहादुर सुनार</td><td>२०००</td><td>३६६७</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>७९२०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>अवकास कोषः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। तर सो वमोजिम अवकास कोष स्थापना गरेको देखिएन।साथै कार्यविधि समेत बनाएको पाईएन ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>स्थानिय कोषः- स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७२ अनुसार गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय व्ययको हिसाव राख्नुपर्ने व्यवस्था गरेको छ। पालिका अन्तर्गत सञ्चालित कोषहरुको अवस्था निम्नानुसार रहेको छ ।
<table>
<tr><th>खाताको नाम</th><th>गतको जिम्मेवारी</th><th>आम्दानी</th><th>खर्च</th><th>वांकी</th></tr>
<tr><td>संञ्चित कोष</td><td>७४६८७९७७।५३</td><td>४४६४३९३०५।४५</td><td>४७७५६८४२४।-</td><td>४३५५८८५८।९८</td></tr>
<tr><td>स्थानीय तह धरौटी खाता ग-३-१</td><td>५१८०००।००</td><td>३१००००।००</td><td>३४१०००।००</td><td>४८७०००।००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रकोप व्यवस्थापन कोष खाता ग-७-१ \| १३४८३१४।४७ \| २४०००००।०० \| २६१९१७५।- \| ११२९१३९।४९<br>**जम्मा** \| **७६५५४२९२।००** \| **४४९१४९३०५।४०** \| **४८०५२८५९९।-** \| **४५१७४९९८।४९** | |
| २० | | | **सार्वजनिक सुनुवाईः-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ (५) मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एवं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एवं सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुबाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ । साथै सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १९ अनुसार सार्वजनिक सुनुवाई प्रत्येक चार महिनामा कम्तीमा एकपटक गराउनु पर्नेछ यस कार्यालयवाट संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेतापनि सवै योजनाको सार्वजनिक सुनुवाई संचालन गरेको देखिएन । जसबाट बित्तिय पारदर्शिता र जबाफदेहिताको पालना भएको छ भन्न सकिएन । ऐनको व्यबस्था कार्यान्वयन हुनुपर्दछ । सार्बजनिक सुनुबाई, सार्वजनिक तथा सार्वजनिक परीक्षण के, कति आयोजनामा भयो जानकारी पेश हुन आएन । | |
| २१ | | | **खर्चको सुनिश्चितताः-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ मा सामुदायिक सिकाई केन्द्र तथा धार्मिक विद्यालय सञ्चालनको लागि सञ्चालन अनुदान बापत निकासा गरेको रकमबाट तोकिएको कार्यमा खर्च गरे नगरेको सम्बन्धमा अध्ययन केन्द्रको वार्षिक प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन र संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिनुपर्ने व्यवस्था छ । कार्यालयबाट निकासा दिएको निम्नानुसारको अनुदान रकमबाट तोकिएको कार्यक्रम सञ्चालन गरी खर्च गरेको तथा संस्थाको लेखापरीक्षण प्रतिवेदन समेत लिई खर्चको सुनिश्चितता हुनुपर्ने रु...<br>**क्र.सं.** \| **सामुदायिक सिकाई केन्द्रको नाम** \| **निकासा रकम**<br>१. \| हिमाली सामुदायिक सिकाई केन्द्र \| १०००००<br>२. \| लोकतान्त्रिक सामुदायिक सिकाई केन्द्र \| १०००००<br>३. \| जनजाति उत्थान सामुदायिक सिकाई केन्द्र \| १०००००<br>४. \| जलजलेश्वर गुरुकुल देव \| १०००००० | १,३००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | \| \| जम्मा \| १३००००० \| | |
| २२ | | | **सार्बजनिक निर्माण ब्यबस्थापनः-**<br><br>(क) **<u>निर्माण कार्यको लगतः</u>–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा गाउपालिकाले यस वर्ष संचालन गरेको योजना निर्माण कार्यको लगत राखेतापनि विगत वर्षदेखि भएको कार्यको लगत अद्यावधिक गरेको देखिएन । यस पालिकाले गत विगत वर्ष देखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।<br><br>(ख) **<u>कार्य सम्पन्न प्रतिवेदनः</u>–** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको एकीन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ। त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ। तर कार्यालयले सो अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन ।<br><br>(ग) **<u>गुणस्तर परिक्षण-</u>** सार्बजनिक खरिद तथा निर्माण संझौता कार्यान्वयन गर्दा सामान आपूर्तिमा तथा निर्माणमा गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित अधिकांश ठेक्काहरुमा प्रयोग हुने निर्माण सामग्रीहरु रड, सिमेन्ट, गिट्टी, बालुवा, ढुङ्गा, जि.आई.वायर तथा क्युब समेतको गुणस्तर परीक्षण भएको प्रमाण पेश भएको पाईएन । साथै उपभोक्ता समिति तर्फको काममा समेत निर्माण सामग्री तथा निर्माण कार्यको परीक्षण गरेको प्रमाण पेश भएको पाईएन । जसबाट सार्बजनिक निर्माणमा प्रयोग भएका सामग्रीहरु तथा निर्माण कार्यको गुणस्तर सम्बन्धमा आस्वस्थ हुन सक्ने अवस्था छैन ।<br><br>**<u>केही उदाहरणहरु</u>** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | *(नेस्टेड तालिका तल)* | |
| २३ | | | **कोभिड -१९ नियन्त्रणः-** | |
| २३. | | | <u>**आय तथा व्यय विवरणः**</u> आ.व. २०७८।७९ को असाढ मसान्तसम्म कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा | |

| सि.नं. | भौ.नं./मिति | आयोजनाको नाम | स्थान | ईष्टिमेट | | | खुद भएको |
|---|---|---|---|---|---|---|---|
| | | | | कुल लागत | अनुदान रकम | जनश्रमदान | |
| १. | ५१।०७८।९।२८ | वडा कार्यालय मैदान निर्माण | मोलुङ्ग-७ | १३०९८३०।६१ | ११५२००० | १५७८३०।६१ | १३१९५०२।५५ |
| २. | १५१।०७८।११।११ | कातिके सडक निर्माण | रागादिप-८, मोलुङ्ग | १३१९९७८।७३ | १२००००० | १३२५३०।९७ | ७७३७४५।२१ |
| ३. | २५३।०७८।१२।३० | बिजयखर्क उर्लेनी हुँदै स्कुलसम्म सडक | मोलुङ्ग-४ | ११७१६९६।३४ | १०००००० | २११६९७।३४ | १०६६०९२।६६ |
| ४. | ३१५।०७९।१।२१ | माथिल्लो योलुङ्ग खोला सडक निर्माण | मोलुङ्ग-६ | १४२२४१३।१७ | १३००००० | १५७६५८।२३ | १३१८५६४।९४ |
| ५. | ४१०।०७९।३।२४ | गाउखोला कोलचौर दोभान सिचाई योजना | मैलुङ्ग-५ | १६१०३०९।७५ | १५०००००० | १६१०३०९।७५ | १६१०३०९।७५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>खर्चको विवरण निम्नानुसार रहेको छ ।<br><table>
<tr><th>आम्दानी/स्रोत</th><th>रकम रु.</th><th>खर्च शीर्षक</th><th>रकम रु.</th></tr>
<tr><td>गत बर्षको बाँकी</td><td>१३४८३१४।४७</td><td>क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन</td><td>०।००</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै वजेटवाट</td><td>२४०००००।००</td><td>औषधी एवं स्वास्थ्य उपकरण खरिद</td><td>०।००</td></tr>
<tr><td>अन्य स्रोतबाट</td><td>०।००</td><td>जनशक्ति व्यवस्थापन</td><td>२६१९१७५।००</td></tr>
<tr><td></td><td></td><td>अन्य खर्च</td><td>०।००</td></tr>
<tr><td></td><td></td><td>वाँकी</td><td>११२९१३९।४७</td></tr>
<tr><td>जम्मा</td><td>३७४८३१४।४७</td><td>जम्मा</td><td>३७४८३१४।४७</td></tr>
</table></td><td></td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td><u>ननप्राक्टिस भत्ताः</u> नेपाल सरकार स्वास्थ्य विभागले तोकिएका अस्पतालमा कार्यरत विशेषज्ञ डाक्टरहरुलाई तोकिएको मापदण्डको आधारमा ननप्राक्टिस भत्ता सम्बन्धी व्यवस्था गरेको छ । कार्यालयले कोभिड-१९ को उपचार गर्न मिति २०७७।९।२९ मा करार सेवामा नियुक्त डा. अजित कुमार शाहलाई नियुक्ति गरेको छ । सम्झौता पत्रमा ननप्राक्टिस भत्ता सम्बन्धमा उल्लेख छैन । तर पालिकाले ननप्राक्टिस भत्ता वापत मासिक रु. ६,४५०/- का दरले २०७८ श्रावण देखि २०७९ आषाढसम्म १२ महिनाको रु.७७,४००।- भुक्तानी गरेको कारण बढी व्ययभाभर परेको रु.</td><td>७७,४००</td></tr>
<tr><td>२३.३</td><td></td><td></td><td><u>खोप विवरणः</u> यस पालिकाले लेखापरीक्षण अवधि सम्म कोभिड-१९ विरुद्धको खोप नेपाल सरकारबाट प्राप्त गरी वितरण भरेको पाइयो । लेखापरीक्षणका क्रममा प्राप्त विवरण अनुसार लेखापरीक्षण अवधि सम्म पालिकामा विभिन्न नामका खोप २१०६० डोज उपयोग भएको देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>क्र.स</th><th>खोपको प्रकार</th><th>जम्मा आम्दानी</th><th>खर्च</th><th>बाँकी</th></tr>
<tr><td>१.</td><td>भेरोसेल</td><td>६९००</td><td>६९००</td><td>०.००</td></tr>
<tr><td>२.</td><td>कोभिसिल्ड</td><td>२०००</td><td>२०००</td><td>०.००</td></tr>
<tr><td>३.</td><td>जोनसन</td><td>२०२०</td><td>२०२०</td><td>०.००</td></tr>
<tr><td>४.</td><td>एस्ट्राजेनिका</td><td>६२००</td><td>५९५०</td><td>२५०.००</td></tr>
<tr><td>५.</td><td>मोडर्ना</td><td>४१९०</td><td>४१९०</td><td>०.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१३१०</td><td>२१०६०</td><td>२५०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कर बिजक पेश नभएकोः- आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात पेश गर्नुपर्ने ब्यबस्था रहेको छ ।गो.भौ.नं. २४६।२०७८।१०।२४ बाट भर्सन अर्डर सप्लायर्स (६०३७०२०८८) लाई मशलन्द तथा कार्यालय सामग्री खरिद गरे वातको भुक्तानीमा मू.अ. कर रु. ५७११९।०० समेत रु. ४९६९४४।०० भुक्तानी भएको फाटवारीमा फोटोकपी विजक संलग्न गरी खर्च गरेको पाईएको हुँदा सक्कल बिल भरपाई पेश हुनु पर्दछ अन्यथा मू.अ.कर बापत भुक्तानी भएको रकम रु. ५७११९।०० को कर समायोजन पत्र पेश हुनु पर्दछ ।</td><td>५७,११९</td></tr>
<tr><td>२५</td><td>१३</td><td>२०७८-११-२२</td><td><u>ब.उ.शि.नं.-गाँउपालिका चालूतर्फः-</u><br><br>कार्यालयमा उपस्थित भएको अवस्थामा दैनिक भ्रमण भत्ता भुक्तानीः– आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९को (५) मा खर्च गर्दा खर्चको विल भर्पाई सहित लेखा राखु पर्ने कानुनी व्यवस्था छ ।कार्यालयले भुक्तानी गर्दा कागजपत्र पुगे नपुगेको एकिन गरेर मात्र भुक्तानी दिनु पर्दछ।शिक्षा शाखामा कार्यरत प्रा.स लक्ष्मी घिमिरेले भ्रमण प्रतिवेदन बेगर तथा मिती २०७८।०८।२४ देखी २०७८।०८।३० सम्म हाजिरी खातामा हाजिर गरेर भ्रमण बापतको रकम लिएकोले सो रकम फिर्ता गरी स्थानिय संञ्चित कोष खातामा जम्मा गर्नु पर्ने रु.</td><td>१०,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **बिधालयको अनुगमनः:-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन । तयारी सोही बमोजिम अनुदान रकम तोकिएको कार्यमा खर्च भएको, दोहोरो निकासा भए नभएको सम्बन्धमा सुनिश्चित गर्ने तर्फ पालिकाले ध्यान पऱ्याउनुपर्ने देखिन्छ । | |
| २७ | | | **समानीकरणबाट तलव खर्चः-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दी संख्या भन्दा बढी शिक्षक आवश्यक परेको जनाई २७ जना स्वयं सेवक शिक्षक नियुक्ति गरी यो वर्ष प्रदेश अनुदान श्रोततर्फबाट रु. ५४,०२,७७५/- तलब भत्ता भुक्तानी गरेको छ । विकास निर्माणको लागि प्राप्त अनुदान तलव भत्तामा खर्च गरेको अनियमित देखिएको रु. | ५,४०२,७७५ |
| २८ | | | **धरौटी फिर्ताः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम (१२४)मा निर्माण कार्यको हकमा त्रुटी सच्याउने अवधी समाप्त भएपछि धरौटी रकमको ५० प्रतिशत रकम फिर्ता गर्न सकिने र धरौटीको बाँकी ५० प्रतिशत रकम सम्बन्धित आपुर्तिकर्ता, निर्माण व्यवशायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी दिनु पर्ने व्यवस्था छ । कार्यालयले देहायका आपुर्तिकर्ता, निर्माण व्यवशायी वा सेवा प्रदायकलाई धरौटी फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको पाईयो । उक्त कर चुक्ता प्रमाणले यस कार्यालयबाट निर्माण व्यवसायीले लिएको सबै मू.अ.कर भुक्तानी आयमा समावेश गरे नगरेको थाहा नहुने हुँदा धरौटी फिर्ता गर्दा नियमावलीमा उल्लेख गरे वमोजिम मू.अ.कर समायोजन गरेको वा बुझाँएको बिवरण पेश गर्नु पर्दछ । रु. | १७०,००० |

| भौ.नं/मिति | आपुर्तकको नाम | | धरौटी फिर्ता रकम रु. |
|---|---|---|---|
| ७।०७८।८।२३ | ईन्स्टेन्ट आई.टी. सपोर्ट प्रा.लि., बबरमहल, काठमाण्डौ | Computer & 4G Dongle खरिद | २१०००।- |
| ९।०७८।११।१० | परिवर्तन मेडिशिन सप्लायर्स, बिर्तामोड-४, झापा | औषधी तथा सर्जिकल सामग्री आपूर्ती बापत | १०५०००।- |
| ११।०७९।१।२३ | बिनोद ईलेक्ट्रीकल सेन्टर, ओखलढुङ्गा | Computer & 4G Dongle खरिद | ४४०००।- |
| जम्मा | | | १७००००।- |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **आन्तरिक राजश्वतर्फः-** कार्यालयको राजश्व असुली प्रकृया तथा नगदी रसिदको अभिलेख परीक्षण, ठेक्का ब्यबस्थापन र म.ले.प. फारमहरु प्रयोग अवस्था परीक्षण गर्दा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन :-<br><br>(क) **म.ले.प. फारमहरुको प्रयोग**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) अनुसार स्थानीय तहले महालेखापरीक्षकबाट स्वीकृत लेखाढाँचा प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक आय बापत प्राप्त हुने कर, सेवा शुल्क, दस्तुर लगायतको रकम नगदी रसिदबाट संकलन गर्ने गरेकोमा कार्यालयमा वार्षिक रुपमा कति रसिद छपाई भएको सोको विवरण देखिएन।वडा कार्यालय र पालिकामा कति रसिद वितरण र फिर्ता भएको छ कार्यालयबाट विवरण प्राप्त नभएन।कार्यलयको आवश्यकता अनुसार मलेप फारमहरूको प्रयोग गर्नुपर्नेमा कुनैपनि फारमहरु प्रयोगमा ल्याएको छैन।यस आ.व.मा आन्तरिक राजश्वको कुनै पनि ठेक्का ब्यबस्थापन भएको पाईएन ।<br><br>(ख) **नगदी रसिद**–यस बर्ष कार्यालय र अन्तर्गतका ८ वटा वडा कार्यालयहरुमा ९१ थान नगदी रसिद निकासी गरेको पाईयो । उक्त रसिदहरु मध्ये निम्नानुसार सिरियल नंम्बर भएका नगदी रसिद थान ६ लेखापरीक्षणका लागि पेश नभएको हुँदा उक्त रसिदहरुबाट के कति आम्दानी भयो एकिन गर्न सकिएन।पालिकाबाट प्राप्त आन्तरिक राजस्व खाताको बैक स्टेटमेन्ट अनुसार कार्यालयले आन्तरिक आय रु.१९६१६९१।- देखाएको भए पनि पेश भएका ८५ थान नगदी रसिदहरुबाट रु.१२,९०२४७।३७ मात्र राजश्व आम्दानी भएको देखिन्छ । जसले गर्दा आन्तरिक राजश्व रकम एकिन गर्न सकिएन ।<br><br>(ग) **कर तथा शुल्क असुलीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर,भबन निर्माण अनुमति दस्तुर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझिलिने परिपाटी रहेकोले राजश्व असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी सबैलाई करको दायरामा ल्याउनु पर्दछ ।<br><br>(घ) **राजश्व ठेक्का-** यस आ.व.मा पालिका अन्तर्गत आन्तरिक राजश्वको कुनै पनि ठेक्का ब्यबस्थापन भएको पाईएन । | |
| ३० | | | **अग्रीम आयकरः-** आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा कार्यमा भुक्तानी गर्दा मू.अ.कर विजक जारी नगरेको सेवा प्रदायकलाई श्रोतमा १५ प्रतिशत कर कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले भिजन एफ एमलाई पान विल नं. ३३,३९,६० र ३७० बाट रु ९९०००।०० भुक्तानी गर्दा १.५ प्रतिशत कर मात्र कट्टी गरी भुक्तानी भएको पाइयो । सेवा प्रदायकलाई श्रोतमा लाग्ने १५ प्रतिशत | १४,८५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कर रकम रु. १४८५०।०० निज बाट असुल गरी दाखिला गर्नुपर्दछ । | |
| ३१ | | | **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७८ को नियम ३९(५) मा करोवारको लेखा राख्दा प्रमाणित विल भरपाईको आधारमा राख्नु पर्ने र सोही बमोजिम खर्च लेख्नु पर्ने व्यवस्था छ । अधिकृत छैठौं विनोद कुमार कटवाललाई धान दिवश मनाउने कार्यक्रम सम्बन्धी बैठक वापतको रु. ६००००।०० भुक्तानी भएको फाटवारीमा रु. १०००।०० को दरले ९ जना व्यक्तिलाई बुझाएको वैठक भत्ता वापतको रकम रु. ९०००।०० सम्बन्धितले बुझेको भरपाई नभएकोले उक्त रकममा कट्टी भएको १५ प्रतिशत कर रकम रु. १३५०।०० वाहेकको रु. ७६५०।०० निजबाट असुल गरी दाखिला गर्नुपर्दछ । | ७,६५० |
| ३२ | | | **पदाधिकारी भ्रमण भत्ताः** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १ मा आफ्नो गाउँ तथा नगरपालिकको क्षेत्र भन्दा बाहिर गई बास बस्नु परेमा तोकिए बमोजिमको भ्रमण खर्च पाउने, दफा ४(१) बमोजिम गाउँपालिका अध्यक्षको हकमा ३ दिन सम्मको भ्रमण आदेश स्वयंले स्वीकृत गर्न सक्ने र सो भन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गराउनु पर्ने र सभाका अन्य सदस्यको हकमा अध्यक्षबाट भ्रमण आदेश स्विकृत गराउनु पर्ने व्यवस्था छ ।देहाय बमोजिमको भ्रमण भत्ता बुझेको विवरणमा गाउँपालिकाका अध्यक्षले आफ्नो तीन दिन भन्दा बढीको भ्रमण आदेश आफै स्वीकृत गरेर र वडा अध्यक्षहरुले आफ्नो भ्रमण आदेश आफैं स्वीकृत गरी भ्रमण भत्ता बुझेको रु. ४५०५१०.०० नियम सम्मत देखिएन । पालिकाले ऐनको व्यवस्थाको पालना गर्नुपर्दछ । | ४५०,५१० |

| भौ.नं./ मिति | भ्रमण गर्ने अधिकारीको पद,नाम | भ्रमण मिति | भुक्तानी रकम |
|---|---|---|---|
| १०३।०७८।८।१४ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।७।२-७।७ | ११०००.०० |
| २६२।०७८।८।१४ | वडा नं. ७ वडाअध्यक्ष हेम बहादुर सुनुवार | विभिन्न | ३२८००.०० |
| २६३।०७८।८।१४ | वडा नं. ८ वडाअध्यक्ष हरिकुमार राई | विभिन्न | ३३०००.०० |
| २६४।०७८।८।१४ | वडा नं. ५ वडाअध्यक्ष टंकनाथ दाहाल | विभिन्न | ४८०००.०० |
| ३०६।०७८।११।२६ | वडा नं. १ वडाअध्यक्ष प्रदीप कुमार बानिया | विभिन्न | ३३०००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | |
|---|---|---|---|
| २७६।०७८।११।१ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।९।४- ९।१० | ११०००.०० |
| २७६।०७८।११।१६ | वडा नं. ४ वडाअध्यक्ष राम काजी तामाङ | विभिन्न | ४१२५०.०० |
| ३३८।०७८।१२।२ | वडा नं. ६ वडाअध्यक्ष मान बहादुर तामाङ | विभिन्न | ४११००.०० |
| ३३४।०७८।११।२६ | वडा नं. ३ वडाअध्यक्ष राम बहादुर कार्की | विभिन्न | ३३०००.०० |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।५।१५- ५।१८ | |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।५।२०- ५।२३ | ११११२०.०० |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।६।१०-६।१३ | |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।६।२०-६।२३ | ११११२०.०० |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।७।१५-७।१८ | |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।७।२०-७।२३ | ११११२०.०० |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।८।२०-८।२६ | १५९२०.०० |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।९।१५-९।१९ | |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।९।२०-९।२४ | १७२५०.०० |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।१०।१२-१०।१८ | |
| ६१२।०७९।३।२५ | गा.पा. अध्यक्ष मणिराज राई | ०७८।१०।२०-१०।२७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td>२३३२०.००</td></tr>
<tr><td>६१२।०७९।३।२५</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७८।११।१०-११।१३</td><td>१२०००.००</td></tr>
<tr><td>६१२।०७९।३।२५</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७८।१२।६-१२।१८</td><td>१४२८०.००</td></tr>
<tr><td>६१२।०७९।३।२५</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७९।१।२-१।७</td><td rowspan="2">९८४०.००</td></tr>
<tr><td>६१२।०७९।३।२५</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७९।१।९-१।१२</td></tr>
<tr><td>४६३।२०७९।२।१०</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७८।१२।३-१२।७</td><td rowspan="2">८०००.००</td></tr>
<tr><td>४६३।२०७९।२।१०</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७८।१२।१७-१२।२१</td></tr>
<tr><td>४६३।२०७९।२।१०<br>गा.पा. कृषि चालु</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७८।५।१७-५।२३</td><td>१००००.००</td></tr>
<tr><td>४६३।२०७९।२।१०<br>गा.पा. कृषि चालु</td><td>वडाध्यक्ष टंकनाथ दाहाल</td><td>०७८।५।१७-५।२३</td><td>७६३०.००</td></tr>
<tr><td>४२।२०७८।८।२३<br>संघिय शसर्त चालु</td><td>गा.पा. अध्यक्ष मणिराज राई</td><td>०७८।६।१५-६।२१</td><td>१४७६०.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४५०५१०.००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td><u>पदाधिकारी सुबिधाः- पदाधिकारी सुबिधा सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छनः-</u><br><br>(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको यस वर्ष पदाधिकारी सुविधाको वापत रु. ५५,८२,०९७/- खर्च गरेकोमा पालिकाको</td><td>२१,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आन्तरिक आय बैक स्टेटमेन्टमा रु. १९६१६९१।४४ रहेको छ । आन्तरिक आयको तुलनामा करिब तेब्बर गुणा बढीले खर्च भएको देखिएको छ । पालिकाले आन्तरिक आयको परिधि भित्र रहि खर्च गर्नु पर्दछ ।<br><br>(ख) भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को दफा १ मा अनुसुची २ बमोजिमको दरमा दैनिक भत्ता दिने व्यवस्था छ । देहायमा उल्खित व्यक्तिहरुलाई उक्त अनुसुचीमा उल्लेखित दरको अलवा खाना नास्ता तथा बास खर्च वापत थप रकम भुक्तानी गरेको पाईयो। नियम विपरित भुक्तानी भएको रकम रु. २१५००।०० असुल गरी संचित कोषमा दाखिला गर्नुपर्दछ । | |

| भौ.नं./ मिति | भ्रमण गर्ने अधिकारीको पद,नाम | भ्रमण मिति | खाना नास्ता खर्च रु | भुक्तानी रकम रु | बढी भुक्तानी रकम रु |
|---|---|---|---|---|---|
| ५८७।०७९।३।२४ | वडा नं. ३ वडा अध्यक्ष मित्र बहादुर सुनुवार | ०७९।२।१४-२।२१ | ३०००।०० | ११२५० | ३०००।० |
| ५८७।०७९।३।२४ | वडा नं. ३ वडाअध्यक्ष मित्र बहादुर सुनुवार | ०७९।२।३०-३।५ | ३०००।०० | ११२५० | ३०००।० |
| ५८७।०७९।३।२४ | वडा नं. ३ वडाअध्यक्ष मित्र बहादुर सुनुवार | ०७९।२।२३-२।२७ | २५००।०० | ११२५० | २५००।० |
| ५८७।०७९।३।२४ | वडाअध्यक्ष राम बहादुर कार्की | ०७९।१।९-१।१४ | ३०००।०० | ११२५० | ३०००।० |
| ५८७।०७९।३।२४ | वडाअध्यक्ष राम बहादुर कार्की | ०७८।१२।१४-१२।२० | ३०००।०० | ११२५० | ३०००।० |
| ५८७।०७९।३।२४ | वडा सचिव गुरु प्रसाद खतिवडा | ०७८।१२।६-१२।१२ | ३०००।०० | ११५०० | ३०००।० |
| ५८७।०७९।३।२४ | वडा सचिव गुरु प्रसाद खतिवडा | ०७९।३।६- | २०००।०० | ८१०० | २०००।० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>३।१०</td><td></td><td></td><td></td></tr>
<tr><td>५८७।०७९।३।२४</td><td>वडा सचिव गुरु प्रसाद खतिवडा</td><td>०७९।१।६-१।१०</td><td>३०००।००</td><td>८१००</td><td>२०००।०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२१५००।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>
अग्रीम करः- आयकर ऐन २०५८ को दफा ८९(१) मा भुक्तानीमा अग्रिम कर काट्नु पर्ने व्यावस्था छ । निम्न कर्मचारीहरुले कार्यक्रम सञ्चालन बापत लिएको पेश्की फछ्यौंट गर्दा अग्रीम कर कट्टी गरेको नपाईएको हुँदा कर बापतको रकम असुल हुनु पर्दछ । रु.
<table>
<tr><th>सि.नं.</th><th>ब.उ.शि.नं.</th><th>गो.भौ./मिति</th><th>कार्यक्रमको नाम</th><th>पेश्की लिने कर्मचारीको नाम</th><th>कट्टी नगरेको कर रकम रु.</th></tr>
<tr><td>१.</td><td>गाँउपालीका चालूतर्फ</td><td>५१६</td><td>संञ्चालन तथा व्यावस्थापन खर्च</td><td>जाङवु शेर्पा</td><td>६९६</td></tr>
<tr><td>२.</td><td>गाँउपालीका चालूतर्फ</td><td>३/२०७८/०७।२६</td><td>बैठक भत्ता बितरण</td><td>लक्ष्मी घिमिरेले</td><td>१२८</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>८२४</td></tr>
</table>
</td><td>८२४</td></tr>
<tr><td>३५</td><td></td><td></td><td>
पारिश्रमिक आय करः आयकर ऐन २०५८ को दफा ८ मा कुनै प्राकृतिक व्यक्तिले कुनै आय वर्षमा रोजगारीबाट प्राप्त भएका सवै रकम आयमा समावेश गरी नियमानुसार छुटपाउने रकम कट्टा गरी कर योग्य आयमा तोकिए बमोजिम पारीश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाका निम्नानुसारका पदाधिकारी पाएको सुविधा प्रोत्सहान भत्ता दशै खर्च लुगा भत्ता लगागतको कूल आयमा निम्नानुसार कर कट्टा गर्नुपर्नेमा कर कट्टा गर्न छुट भएको रु.७८५००.०० असुल गरी संचित कोषमा दाखिला गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको पद र नाम</th><th>कूल आय रु.</th><th>कट्टा गर्न पाउने रकम रु.</th><th>करयोग्य आय रु</th><th>लाग्ने कर रकम रु.</th><th>कट्टा गरेको रकमरु.</th><th>दाखिला गर्नु पर्ने रकमरु.</th></tr>
</table>
</td><td>७८,५००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १ / डा अजित कुमार शाह / ८,९०,०००.०० / ४९५०००.०० / ३९५०००.०० / ७८५००.०० / ०.०० / ७८५००.०० | |
| ३६ | | | **बढी भुक्तानीः** करार सेवामा नियुक्त कर्मचारीलाई तलव भत्ता भुक्तानी गर्दा करार सम्झौतामा उल्लेख भए बमोजिमको शर्तका आधारमा तलव भत्ता भुक्तानी गर्नु पर्दछ । डा अजित कुमार शाहलाई प्रति महिना तलवः ४०३८०।०० स्थानिय भत्ताः ३७५०।०० महँगी भत्ता २०००।०० नन प्राक्टिकल भत्ताः६४५०।०० जोखिम भत्ताः १७४२०।०० दिने गरी कार्यालयले निजसँग सम्झौता गरेकोमा २०७८ कार्तिक महिनाबाट २०७९ आषाढ महिना सम्म नन प्राक्टिकल भत्तामा रु. २९०२५।०० र जोखिम भत्ता तर्फ रु. ७८३९०।०० समेत रु. १०७४१५।०० बढी भुक्तानी भएको पाइयो करार सम्झौतामा उल्लेख भए भन्दा बढी भुक्तानी भएको रकम रु. १०७४१५।०० निजबाट असुल गरी संचित कोष दाखिला गर्नुपर्दछ । | १०७,४१५ |
| ३७ | | | **बढी भुक्तानीः** कर्मचारीलाई तलव भत्ता भुक्तानी गर्दा अर्थ मन्त्रालयले तोकेको तलव मान र अख्तियार प्राप्त निकायबाट पारित तलवी प्रतिवेदनको आधारमा ग्रेड रकम आधार मानी भुक्तानी गर्नु पर्दछ । गाउँपालिका अन्तर्गत स्वास्थ्य शाखाका निम्न कर्मचारीहरुलाई २०७८ श्रावण महिनाबाट २०७८ फाल्गुण महिना सम्म तोकिएको तलव स्केल भन्दा बढी रकम भुक्तानी भएको देखियो । नियम विपरित बढी भुक्तानी भएको क.सं कोष थप समेतको रकम रु. २८१६०.०० असुल गरी संघिय संचित कोषमा दाखिला गर्नु पर्दछ । | २८,१६० |

| सि.नं. | कर्मचारीको पद नाम | तोकिएको तलव रु | भुक्तानी रकम रु | बढी भुक्तानी रु | ८महिनाको बढी भुक्तानी(क.संकोषथप समेत) |
|---|---|---|---|---|---|
| १ | सि.अ.हे.व.अ. वेदहरी दाहाल | ३७९९० | ३८६३० | ६४० | ५६३२ |
| २ | नर्सिङ.नि.अ शारदा राई | ३७९९० | ३८६३० | ६४० | ५६३२ |
| ३ | सि.अनमी ज्ञान कुमारी दाहाल | ३०२०० | ३०६८० | ४८० | ४२२४ |
| ४ | अ.हे.व. पाचौं भरत कुमार प्रधान | ३०२०० | ३०६८० | ४८० | ४२२४ |
| ५ | अ.हे.व. पाचौं जाङ्वु शेर्पा | ३०२०० | ३०६८० | ४८० | ४२२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६ \| अनमी पाचौं \| ३०२०० \| ३०६८० \| ४८० \| ४२२४ <br> **जम्मा** \| **२८१६०.००** | |
| ३८ | २४२ | २०७९-३-२४ | **ब.उ.शि.नं.-८०११०५०५५०१ (संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम) तर्फ** <br><br> **<u>बितरण भरपाई-</u>** नयन मेडिको फर्मा, मध्य भक्तपुरको बिजक नं.१८०।०७९।३।८ बाट खरिद भएको रु.१९३००० मूल्य बराबरका २१५ न्यानो झोला सम्बन्धित लाभग्राहीलाई बितरण गरेको भरपाई लेखापरीक्षण अवधिसम्म पेश नभएको हुँदा पेश हुनु पर्दछ । रु. | १९३,००० |
| ३९ | | | **औषधि खरिदः** निःशुल्क वितरण हुने औषधिको प्राप्ति, उपयोग र मौज्दातको अवस्थाः यस कार्यालयबाट खरिद भएका ६ प्रकारका औषधीको प्राप्ति, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ । | |

| औषधीको नाम | पालिकाबाट खरिद | स्वास्थ्य कार्यालयबाट प्राप्त | जम्मा आम्दानी | खर्च | बाकी मौज्दात |
|---|---|---|---|---|---|
| Tab Paracemol (500 mg) | १६२०८० | १३००० | १७५०८० | १०९५८० | ६५५०० |
| Cap Amoxycillin 500 mg | ३६३३० | १९५०० | ५५८३० | ४५१६५ | १०६६५ |
| Tab Metronidazole 400mg | ३०००० | ० | ३०००० | २७१०० | २९०० |
| Tab vit. B-Complex | २५००० | ० | २५००० | २४४०० | ६०० |
| Tab Ranitidine 150 mg | ४३००० | ० | ४३००० | ३१६०० | ११४०० |
| Tab Chlromphenarimine 400 mg | ३०००० | ० | ३०००० | ० | ३०००० |

औषधिको मौज्दात प्रणालीस्तरीय हुन सो को प्राप्ति र निकासाबीच सन्तुलन कायम रहनु पर्दछ । Authorized stock level, Emergency order point औषधि प्राप्त हुने समय load time maximum consumption item, maximum consumption item को आधारमा खरिद प्राप्ति एवं मौज्दातको अवस्था निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्क्ताको आधारमा खरद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अधिकतम रुपले त्रुटी एवं बढी समेत देखिन सक्छ ।साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्भावना रहेकोले औषधीको नाम पहिचान गरी खरिद र खर्चबीच सन्तुलन कायम गर्नुपर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निःशुल्क स्वास्थ्य सेवा पुऱ्याउनेतर्फ ध्यान दिनु पर्दछ । | |
| ४० | | | **छुट करः** आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई, प्रमाण र कागजात पेश गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले देहायका गो.भौ.नं./मितिमा कट्टी गरेको सामाजिक सुरक्षा कर, पारिश्रमिक कर र अग्रिम आय कर दाखिला गरेको देखिएन ।छुट कर सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्दछ ।<br><br>गो.भौ.नं./मिति — कट्टी गरेको करको विवरण — कर रकम रु.<br>१७३-२०७९।३।७ — सामाजिक सुरक्षा कर — ४७४०.००<br>१९९-२०७९।३।१७ — सामाजिक सुरक्षा कर — ४७४०.००<br>१७३-२०७९।३।१७ — अग्रिम आय कर — ५४०.००<br>२१५-२०७९।३।२० — पारिश्रमिक कर — ५२००.००<br>२१४-२०७९।३।२० — पारिश्रमिक कर — ५२७५.००<br>**जम्मा** — **२०४९५.००** | २०,४९५ |
| ४१ | | | **फिल्डभत्ताः-** नेपाल सरकारले २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश तथा स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्बन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था रहेको पाइएन । पालिकाले स्वास्थ्य शाखातर्फ कार्यरत निम्नानुसारका कर्मचारीलाई मासिक रु. २,२५०/- का दरले स्थानीय भत्ताको अतिरिक्त फिल्ड भत्ता उल्लेख गरी यो वर्ष रु. १,६२,०००/- भुक्तानी गरेको छ । स्थानीय तहमा समायोजन भै स्थानीय भत्ता पाइरहेका कर्मचारीलाई थप फिल्ड भत्ता भुक्तानी गरेकोले उक्त रकम पाउने आधार प्रमाण पेश हुनुपर्ने अन्यथा दोहोरो भत्ता रकम असुल हुनुपर्ने रु. | १६२,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **प्रधानमन्त्री रोजगारः** स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडा हरुमा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गर्दा यस वर्ष १६ योजना संचालन गरी पारिश्रमिक वापत रु.१८१५६०००.०० खर्च गरेको छ । लक्षित वर्गलाई २० दिन देखी १०० दिनसम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेत रु. १९५४४०००.०० खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी श्रृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालिन रोजगारी श्रृजना भएको देखिँदैन । | |
| ४३ | | | **सामाजिक सुरक्षा भत्ता** | |
| ४३.१ | | | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु. ९,३७,२८,१३६।- प्राप्त भएकोमा रु. ७४५०३२३१ खर्च देखाई आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन ।<br><br>**एम.आई.एस विवरण :-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा प्रत्येक स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम आई एस लगतका आधारमा भत्ता रकम निकासा पाउने सम्बन्धमा व्यवस्था छ । पालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेखको परिक्षण गर्दा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परिक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको वा सो भन्दा बढी रहेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नुपर्दछ । | |
| ४३.२ | | | (क) **प्रतिवेदनः** सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम २३ मा स्थानय तहको आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ता चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसूची — ६ को ढाँचामा तयार गरी उपनियम- २ मा तोकिएको समयभित्र विभाग तथा प्रदेश सामाजिक सुरक्षा हेर्ने निकायमा पठाउनुपर्नेमा सो अनुसार पठाउने गरेको देखिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | (ख) **<u>पारदर्शिता र जवाफदेहिताः</u>** सामाजिक सुरक्षा संचालन कार्यविधि, २०७७ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्बन्धी जानकारी, लाभग्रहीको नाम दर्ता तथा नवीकरण प्रक्रिया, भत्ताको दर, प्रापत हुने बैंक र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकिया, स्थानीय सामाजिक सस्था, गैर सरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ एम लगायत संचार माध्यामहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभ ग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेभ साइटमा राखुपर्नेमा सो समेत नगरिएकोमा यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रक्रिया पालना गरेको देखिएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढंगवाट भएको छ भनि यकिन हुने अवस्था देखिएन । | |
| ४३.३ | | | सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको एम आई एस लगतको आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंकमार्फत वितरण गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा तोकिएको ढाँचामा बैंकले लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस वर्ष पालिकाले सामाजिक सुरक्षा भत्ता चौथो त्रैमासिकको वडा नं.३ देखी वडा नं. ८ सम्मको रु.१,१६,०३,४१५।- र वडा नं १ र २ को पहिलो, दोश्रो, तेश्रो र चौथो चामासिक सामाजिक सुरक्षा भत्ता मुक्तिनाथ विकास बैंक, मोलुङको नाममा बैक दाखिला गरेको देखिए पनि अद्यावधिक रिभर्स फिड लिई निकासा भिडान गरी हिसाब फरफराक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले बैंकसंग अद्यावधिक विवरण माग गरी निकासा दिएको रकम वितरण भए नभएको सम्बन्धमा सुनिश्चित गर्नुपर्दछ । | |
| ४४ | १४ | २०७९-३-२५ | **उपभोक्ताको अंश घटी कट्टी भएकोः-** सामुदायिक डाँडा खर्क बन भवन निर्माण कार्यको लागि रु.५,००,०००।- बजेट बिनियोजन भएको पाईयो । उक्त कार्यको लागत अनुमान रु.५,३०,९१६।३० भएकोमा कार्य सम्पन्न भई अन्तिम नापजाँच अनुसार खुद रु.४,९७,२९७।१९ बराबरको कार्य भएको पाईयो । खुद कार्य मुल्याङ्कन अनुसार उक्त उपभोक्ता समितिलाई कन्टीन्जेन्सी र उपभोक्ता समितिको अंश कट्टी गरेर रु. ४,६६,३८१ भुक्तानी दिनुपर्नेमा पुरै रु. ५,००,००० भुक्तानी दिएको पाईएको हुँदा बढी भुक्तानी भएको रकम रु. ३३,६१९।- उपभोक्ता समितिबाट असुल हुनु पर्दछ ।रु. | ३३,६१९ |
| ४५ | | | **उपभोक्ताबाट हेभी ईक्यूपमेन्टको प्रयोगः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायवाट संचालन हुने निर्माण कार्यमा हेभि मेसिनहरु प्रयोग गर्न नसकिने व्यवस्था गरेको छ। तर लागत अनुमान तयार गर्दाको समयमा | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
हेभी मेसिन प्रयोग गर्नुपर्ने जटील किसिमको प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायवाट सहमतिलिई त्यस्ता मेसिन प्रयोग गर्न सकिने छ। तर निम्न अनुसारको उपभोक्ता समिति मार्फत काम गराउन लागत अनुमान तयार गर्दा डोजर रोलर जस्ता हेभि ईक्यूपमेन्टवाट काम गराउने दर लिएर लागत अनुमान तयार गरेतापनि प्राविधिकले जटिल प्रकृतिको कार्य भनि उल्लेख नगरेको तथा सार्वजनिक निकायवाट सहमति लिएको समेत देखिएन। उक्त प्रक्रियामा नियन्त्रण तथा सुधार गर्नुपर्दछ ।<br><br>
<u>केहि उद्दाहरण</u><br><br>
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">भौ.नं./मिति</th><th rowspan="2">आयोजनाको नाम</th><th rowspan="2">स्थान</th><th colspan="3">ईष्टिमेट</th><th rowspan="2">खुद भएको</th></tr>
<tr><th>कुल लागत</th><th>अनुदान रकम</th><th>जनश्रमदान</th></tr>
<tr><td>१</td><td>५१।०७८।९।२८</td><td>वडा कार्यालय मैदान निर्माण</td><td>मोलुङ्ग-७</td><td>१३०९८३०।६१</td><td>११५२०००</td><td>१५७८३०।६१</td><td>१३१९५०२।५५</td></tr>
<tr><td>२</td><td>१५१।०७८।११।११</td><td>कातिके सडक निर्माण</td><td>रागादिप-८, मोलुङ्ग</td><td>१३१९९७८।७३</td><td>१२०००००</td><td>१३२५३०।९७</td><td>७७३७४५।२१</td></tr>
<tr><td>३</td><td>२५३।०७८।१२।३०</td><td>बिजय खर्क उर्लेनी हुँदै स्कुलसम्म सडक</td><td>मोलुङ्ग-४</td><td>११७१६९६।३४</td><td>१००००००</td><td>२११६९७।३४</td><td>१०६६०९२।६६</td></tr>
<tr><td>४</td><td>३१५।०७९।१।२१</td><td>माथिल्लो योलुङ्ग खोला सडक निर्माण</td><td>मोलुङ्ग-६</td><td>१४२२४१३।१७</td><td>१३०००००</td><td>१५७६५८।२३</td><td>१३१८५६४।९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
खरिद ब्यबस्थापन (उपभोक्ता समिति) तर्फः- उपभोक्ता समितिबाट भएको खरिद ब्यबस्थापन सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन :-<br><br>
<u>४१३।०७९।३।२४</u><br><br>
(क)<u> मुर्ती स्थापना-</u>सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्बजनिक निकायले रनिङ्ग बिल वा
</td><td>१,४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारमा शर्त बमोजिम प्राबिधक नापजाँच गरी भुक्तानी दिनु पर्ने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ११७(१) अनुसार कार्य स्वीकार प्रतिबेदन तयार तयार गर्नु पर्ने ब्यबस्था रहेको छ । शहिद पेशल ठगिराजको शालिक निर्माण कार्य, मोलुङ्ग-१, मा स्थापनाका लागि रु.५०००००।- बजेट बिनियोजिन भएको पाईयो । उक्त रकमबाट रु.४००००० को मूर्ति मात्र खरिद गरेको पाईयो । मूर्ति स्थापना गर्ने कार्य हालसम्म नभएको हुँदा मुर्ति स्थापना गरेको प्रमाण पेश हुनु पर्दछ ।

(ख) **<u>पाईप जडान</u>**– सार्बजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्बजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा करारमा शर्त बमोजिम प्राबिधक नापजाँच गरी भुक्तानी दिनु पर्ने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम ११७(१) अनुसार कार्य स्वीकार प्रतिबेदन तयार तयार गर्नु पर्ने ब्यबस्था रहेको छ ।कार्यालयबाट उपभोक्ता समिति मार्फत खरिद गरिएका निम्नानुसारका एच.डी.पि.पि. पाईपहरु बितरण गरेको भरपाई सााथै लेईङ्ग जोईन्टीङ्ग गरेको नापी किताब समेत लेखापरीक्षणको क्रममा पेश भएन । कार्यालयबाट पाईपहरु बितरण गरेको भरपाई सााथै लेईङ्ग जोईन्टीङ्गको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन पेस हुनुपर्दछ । रु.

| सि.नं. | गो.भौ/मिति | सार्बजनिक निर्माण तथा खरिद कार्यको बिवरण | पाईपको परिमाण | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १. | १३०।०७८।११।८ | एच. डि. पी. पाईप खरिद ६३।१० | १७०० र.मी. | रामपुर खानेपानी पाईप खरिद, मोलुङ्ग-२ | ५००००० |
| २. | २७६।०७९।१।५ | एच. डि. पी. पाईप खरिद ३२।१२.५ | ११३० र.मी. | खानेपानी पाईप खरिद, मोलुङ्ग वडा नं.-८ | १००००० |
| ३. | ३६३।०७९।३।९ | एच. डि. पी. पाईप खरिद २५।१२.५ | ३००० र.मी. | वडा स्तरिय खानेपानी पाईप खरिद, मोलुङ्ग-९ | ४००००० |
| | | एच. डि. पी. पाईप खरिद २०।१६ | ६००० र.मी. | | |
| ४. | ३९४।०७९।३।९ | एच. डि. पी. पाईप खरिद २०।१६ | १५०० /.मी. | खानेपानी पाईप खरिद कुन्तादेबी-१ | ४००००० |
| | | एच. डि. पी. पाईप खरिद २०।१६ | १५०० /.मी. | | |
| | | एच. डि. पी. पाईप खरिद २०।१६ | ६४८ /.मी. | | |
| | | | | **जम्मा** | १४००००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (ग) **खरिद विधि**-आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४(२) अनुसार सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले यस आर्थिक वर्षमा सडक निर्माण तर्फको २ वटा ठेक्का विद्धुतिय सुचना प्रणाली मार्फत प्रतिस्पर्धा गराउँदा ५६.९१ प्रतिशतसम्म घटी कवोल गरेको देखियो । तर उपभोक्ता समितिवाट गरेका सडक निर्माणका कार्यमा रकम वचत नभई लागत अनुमान वरावर नै खर्च गरेको छ । खरिद तथा निर्माण कार्य गराउँदा पालिकाले गुणस्तरलाई मध्यनजर गर्दै मितव्ययी विधि प्रयोग गर्नुपर्ने देखिन्छ । | |
| ४७ | ३२२ | २०७९-१-२१ | **ग्याबियन जालीको प्रयोगः-** घ्याम्पा सडक निर्माण कार्य वडा नं.-५, मोलुङ्गका लागि २x१x१ को जाली १८ थान ग्याबियन जाली खर्च देखाईएकोमा ९ थान मात्र योजनामा प्रयोगमा आएको पाईयो । कार्यालयबाट बाँकी ९ थान जाली योजनामा प्रयोग भएको वा बितरण भएको नपाईएको हुँदा उक्त जाली बापत हुन आउने रकम रु. ४०,२७५।६३ (९ थानx४४७५) असुल हुनु पर्दछ । रु. | ४०,२७५.६३ |
